# नेशनल माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड

NATIONAL MICROFINANCE LAGHUBITTA BITTIYA SANSTHA LIMITED

( नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त वित्तीय संस्था )

केन्द्रीय कार्यालय, धादिङबेशी, धादिङ


प.सं. २०७९/८०

च.नं. १४२५

मिति:२०८०/०३/०५

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड
यू.एन.आइ शान्ति मार्ग भद्रकाली, काठमाडौं ।

**विषय: विशेष साधारण सम्पन्न भएको जानकारी तथा सभाको माइन्युट पेश गरिएको सम्बन्धमा ।**

महोदय,

यस नेशनल माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेडको सञ्चालक समितिको मिति २०८०/०२/१८ गते बसेको १४९ औं बैठकको निर्णय अनुसार यस संस्थाको विशेष साधारण सभा मिति २०८०/०३/०३ गते आईतवार (तदनुसार १८ जून, २०२३) का दिन धादिङ्ग जिल्लाको धादिङ्गबेसीमा सम्पन्न भएको ब्यहोरा जानकारी गराउदै उक्त विशेष साधारण सभाको माइन्युट यसै पत्रको साथ पेश गरिएको ब्यहोरा जानकारीको लागि अनुरोध छ ।

**संलग्न कागजात:**

१. विशेष साधारण सभाको माइन्युटको प्रतिलिपी थान............. १

**बोधार्थ**

१) श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार ललितपुर ।

२) श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, पुतलिसडक, काठमाडौं ।

भवदीय,

.......................

(तारा प्रसाद ढुंगाना)

कम्पनी सचिव

# नेशनल माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेडको विशेष साधारण सभाको विवरण तथा निर्णयहरुः

## दर्ता नं. ११७१०६/०७०/०७१

## कार्यक्रमको रुपरेखा

## कम्पनी सचिवद्वारा कार्यक्रमको शुभारम्भ

१) आसन ग्रहण ।
२) स्वागत मन्तव्य ।
३) सभाको बैधानिकता र विशेष साधारण सभा सम्बन्धी भएगरेका काम कारबाही तथा प्रस्ताव सम्बन्धी जानकारी ।
४) सभाको उदघाटन
५) सभा अध्यक्षज्युद्वारा संक्षिप्त प्रतिवेदन प्रस्तुति ।
६) प्रतिवेदनमाथि टिका–टिप्पणी / छलफल गर्ने र बोल्ने कार्यक्रम
७) शेयरधनीहरुवाट आएको जिज्ञासा एवं प्रश्नहरुको जवाफ
८) प्रस्ताव उपर छलफल गर्दै पारित गर्ने ।
९) धन्यवाद ज्ञापन तथा सभाको विसर्जन ।

**१.प्रारम्भिक :-**

नेशनल माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेडको मिति २०८० साल जेष्ठ १८ गते बसेको सञ्चालक समितिको १४९ औं बैठकले संस्थाको विशेष साधारणसभा मिति २०८०/०३/०३ गते आईतबार (तदनुसार १८ जून २०२३) धादिङ्ग जिल्लाको धादिङ्ग क्रीक रिसोर्ट, धादिङ्गवेशी धादिङ्गमा सम्पन्न गर्ने निर्णय भएको थियो । कम्पनी ऐन, २०६३ तथा संस्थाको प्रबन्धपत्र तथा नियमावली बमोजिम सञ्चालक समितिका अध्यक्ष श्री केशवप्रसाद आचार्यज्यूको सभापतित्वमा निम्न मिति, समय तथा स्थानमा उल्लेखित विषयहरू उपर छलफल र निर्णयहरु गरी विशेष साधारण सभा सम्पन्न भयो ।

**२. विशेष साधारण सभाको मिति, समय र स्थान :-**

मितिः २०८०/०३/०३ गते आईतवार (तदनुसार १८ जून, २०२३)
समयः विहान ११:०० बजे
स्थानः धादिङ्ग क्रीक रिसोर्ट, धादिङ्गवेसी, धादिङ्ग ।

३. **विशेष साधारण सभाको सूचना :-**

कम्पनी ऐन २०६३ को दफा ६७ (२) बमोजिम संस्थाको विशेष साधारण सभा बारेको सार्वजनिक सूचना मिति २०८०/०२/१९ र मिति २०८०/०२/२४ गतेको को क्रमश: कारोवार राष्ट्रिय दैनिक तथा अभियान राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएको थियो । यसका अतिरिक्त यो सूचना संस्थाको वेबसाइटमा पनि राखिएको थियो । सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीका लागि उहाँहरुको ठेगानामा विशेष साधारण सभा हुने बारेको सार्वजनिक सूचना तथा निमन्त्रणा पत्र उपलब्ध गराइएको थियो ।

४. **उपस्थिति**

**क) सञ्चालक समितिका पदाधिकारीहरु:**

| | | |
|---|---|---|
| १) | अध्यक्ष : | श्री केशवप्रसाद आचार्य |
| २) | सञ्चालक: | श्री रबिन सिजापती |
| ३) | सञ्चालक: | श्री क्षितिज खड्का |
| ४) | सञ्चालक: | श्री नरेन्द्र प्रसाद छत्कुली |
| ५) | सञ्चालक: | श्री राम कुमार तिमिल्सना |

**ख) पर्यवेक्षक, आमन्त्रित एवं पदाधिकारी :-**

१) प्रमुख कार्यकारी अधिकृत श्री राम बहादुर यादव

**ग) शेयरधनीहरुको उपस्थिति**

१) स्वयं उपस्थिती ३३ जना

२) प्रतिनिधि मार्फत उपस्थिती ८४ जना

५. **सभामा प्रस्तुत छलफलका विषयहरू :-**

**क) विशेष प्रस्ताव:**

१) नेशनल माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड र समीट लघुवित्त वित्तीय संस्था लिमिटेड एक आपसमा गाभ्ने / गाभिने (मर्जर) सम्बन्धमा सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२) नेशनल माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड र समीट लघुवित्त वित्तीय संस्था लिमिटेड एक आपसमा गाभ्ने/ गाभिने (मर्जर) प्रयोजनको लागि नियुक्त मूल्यांकनकर्ताबाट प्राप्त दुवै संस्थाको सम्पत्ति, दायित्व तथा कारोबारको मूल्यांकन (Due

Diligence Audit) प्रतिवेदनको आधारमा संयुक्त मर्जर समितिबाट सिफारिस भई संस्थाको सञ्चालक समितिले स्वीकृत गरे बमोजिम नेशनल माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेडको १ (एक) कित्ता शेयर बराबर समीट लघुवित्त वित्तीय संस्था लिमिटेडको ०.७३ (शून्य दशमलव सात तीन) कित्ता शेयर हुने गरी शेयर आदान प्रदान अनुपात (Share Swap Ratio) क्रमश: १:०.७३ (एक कित्ता बराबर शून्य दशमलव सात तीन कित्ता) लाई स्वीकृति प्रदान गर्ने ।

३) नेशनल माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड र समीट लघुवित्त वित्तीय संस्था लिमिटेड बीच एक आपसमा गाभ्ने/गाभिने (मर्जर) सम्बन्धमा गरिएको प्रारम्भिक समभ्रदारीपत्र (Memorandom of Understanding), संयुक्त मर्जर समिति गठन एवं सञ्चालक समितिले संयुक्त मर्जर समितिलाई आवश्यक कार्य गर्न दिएको अख्तियारी, संयुक्त मर्जर समितिबाट भएका निर्णयहरु, खर्चहरु र सञ्चालक समितिबाट भएका निर्णयहरु अनुमोदन गर्ने ।

४) नेशनल माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड र समीट लघुवित्त वित्तीय संस्था लिमिटेडबीच एक आपसमा गाभ्ने/गाभिने (मर्जर) प्रयोजनका लागि अन्तिम सम्भ्रौतापत्र (Final Scheme of Arrangement) लगायत मर्जर सम्बन्धी अन्य सम्पूर्ण कार्यहरु गर्नका लागि सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

५) नेशनल माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड र समीट लघुवित्त वित्तीय संस्था लिमिटेड एक आपसमा गाभिए पश्चात् "नेशनल समीट माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड" को नामबाट एकीकृत कारोबार गर्ने प्रस्ताव पारित गर्ने ।

६) मर्जर पश्चात संस्थाको नाम "नेशनल समीट माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड"(NATIONAL SUMMIT MICROFINANCE LAGHUBITTA BITTIYA SANSTHA LIMITED.) र रजिष्टर्ड (केन्द्रीय) कार्यालय बागमती प्रदेश, काभ्रेपलाञ्चोक जिल्ला, बनेपा नगरपालिका वडा नं. १०, कायम हुने गरी संस्थाको प्रबन्धपत्रको दफा १ र २ (१) तथा नियमावलीको नियम १ र २ मा संशोधन गर्ने ।

७) मर्जर पश्चात संस्थाको अधिकृत पूँजी रु.१,५०,००,००,०००। (अक्षेरुपी: एक अर्व पचास करोड मात्र), जारी पूँजी तथा चुक्ता पूँजी रु. १,०८,४२,०६,२१९।५३ (अक्षेरुपी: एक अर्व आठ करोड बयालीस लाख छ हजार दुईसय उन्नाइस पैसा त्रिपन्न मात्र) हुने गरी संस्थाको प्रबन्धपत्रको दफा ६ (क) ६ (ख) र ६ (ग) शंसोधन गर्ने ।

८) नेशनल माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड र समीट लघुवित्त वित्तीय संस्था लिमिटेडबीच एक आपसमा गाभिएपछि गठन हुने सञ्चालक समितिमा यस संस्थाको तर्फबाट प्रतिनिधित्व गर्ने सञ्चालकहरु तोक्ने अख्तियारी सञ्चालक समितिलाई

प्रत्यायोजन गर्ने र साविक सञ्चालक समितिका पदाधिकारीहरुको कार्यकाल बाँकी भएता पनि गाभ्ने/गाभिने (मर्जर) कार्य सम्पन्न भई एकीकृत कारोबार गरी दुवै वित्तीय संस्थाबाट प्रतिनिधित्व रहने गरी नयाँ सञ्चालक समिति गठन भए पश्चात् साविक सञ्चालकहरुको बाँकी कार्यकाल स्वत: समाप्त भएको मानिने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

९) नेशनल माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड र समीट लघुवित्त वित्तीय संस्था लिमिटेडबीच एक आपसमा गाभ्ने/ गाभिने (मर्जर) पश्चात हुने संस्थाको नाम, ठेगाना, अधिकृत पूँजी, जारी पूँजी, चुक्ता पूँजी, तथा शेयर संरचना लगायतमा परिवर्तन हुने भएकोले सो बमोजिम हुनेगरी संस्थाको प्रवन्धपत्र तथा नियमावलीको सम्बन्धित दफा तथा नियमहरुमा आवश्यक संशोधन परिमार्जन गर्ने तथा पारित प्रस्ताव नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति लिने क्रममा नियमनकारी निकायहरुबाट फेरवदल भएमा वा गर्न निर्देशन भएमा सो अनुरुप आवश्यक थपघट संशोधन वा परिमार्जन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

(ख) विविध:

## ६. गणपूरक संख्या र विशेष साधारण सभा सम्बन्धमा भएका काम कारबाही सम्बन्धी संक्षिप्त जानकारी:

कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा (२) को प्रावधान वमोजिम विशेष साधारण सभामा छलफल हुने विषयहरु एबं प्रस्तावहरु सहितको विवरण सम्पूर्ण शेयरधनी महाँनुभाबहरुको घर ठेगानामा पठाउनुको साथै मिति २०८०/०२/१९ गतेको कारोवार राष्ट्रिय दैनिक तथा मिति २०८०/०२/२४ गतेको अभियान राष्ट्रिय दैनिक पत्रिकामा विशेष साधारणसभा हुने बारेको सार्वजनिक सूचना प्रकाशित गरी सम्पूर्ण शेयरधनी महाँनुभावहरुलाई जानकारी गराईएको थियो ।

**गणपूरक संख्या (कम्पनी ऐन, २०६३ को दफा ७३ बमोजिम) :-**

| शेयर तथा शेयरधनी | जम्मा | स्वयं उपस्थित | प्रतिनिधी मार्फत उपस्थित | जम्मा उपस्थित | कुल उपस्थित प्रतिशत |
|---|---|---|---|---|---|
| शेयर संख्या | ६७४६७६२१९.५३ | ३२,१८,४३०। | ५,५१,६९८। | ३७,७०,१२८। | ५५.८८ |
| शेयरधनी संख्या | ३९,७९६ | ३३ | ८४ | ११७ | ०.२९ |

## ७. सभाको कारबाही र वैधानिकता :-

सर्वप्रथम कम्पनी सचिवले विशेष साधारण सभा सञ्चालनको लागि कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) तथा नेशनल माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेडको नियमावलीको नियम २३ ले गरेको कानूनी प्रावधान बमोजिम गणपूरक संख्या पुग्नको लागि कूल शेयर संख्याको ५० प्रतिशत भन्दा बढी आवश्यक हुने भन्ने प्रावधान बमोजिम शेयर संख्या ५५.८८ प्रतिशत र शेयरधनीको स्वयंम् उपस्थिति ३३ जना रहेकोले गणपूरक संख्या पुगिसकेकाले सभा संचालन गर्न कम्पनी ऐन २०६३ अनुसार सभा वैधानिक भएको कम्पनी सचिवले जानकारी गराउनुभयो भने संस्थाका प्रमुख कार्यकारी अधिकृत श्री राम बहादुर यादवले सभामा उपस्थित सम्पूर्ण शेयरधनी महाँनुभावहरु, सञ्चालक तथा अन्य आमन्त्रितहरुलाई वित्तीय संस्थाको व्यवस्थापनको तर्फबाट हार्दिक स्वागत गर्दै संस्थाको भाबी योजना तथा कार्यक्रमको बारेमा संक्षिप्त रुपमा जानकारी गराउनु भयो ।

## ८.सभा अध्यक्षको आसन ग्रहण :-

विशेष साधारण सभाको अध्यक्षता ग्रहण गर्नको लागि कम्पनी ऐन, २०६३ को दफा ७४(१) र वित्तीय संस्थाको नियमावलीको १९ मा भएको व्यवस्था बमोजिम सञ्चालक समितिको अध्यक्षले नै विशेष साधारण सभाको अध्यक्षता ग्रहण गर्नुपर्ने प्रावधान भए अनुरुप यस नेशनल माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटडेका सञ्चालक समितिका अध्यक्ष श्री केशवप्रसाद आचार्यज्यूले सभा अध्यक्षको आसन ग्रहण गर्नुभयो । त्यस पछि सभामा उपस्थित अन्य सञ्चालक तथा आमन्त्रित व्यक्तिहरुलाई आसन ग्रहण गराइएको थियो ।

## ९. उद्घाटन तथा ब्याच वितरण:-

आसन ग्रहणपछि उपस्थित सञ्चालक समितिका पदाधिकारीहरु तथा आमन्त्रित विशिष्ठ व्यक्तिहरुलाई खादा लगाएर स्वागत गर्नुका साथै उपस्थित सम्पूर्ण व्यक्तित्वहरुद्वारा राष्ट्रिय गान गाएर राष्ट्र, राष्ट्रियता प्रति सम्मान व्यक्त गरिएको थियो । तत्पश्चात सभाध्यक्षद्वारा पानसमा दिप प्रज्वलन गरी विशेष साधारण सभाको विधिवत उद्घाटन तथा शुभारम्भ गर्नु भयो ।

## १०. विशेष साधारण सभाको प्रतिवेदन प्रस्तुति :-

सभाध्यक्षज्यूले प्रतिवेदन प्रस्तुत गर्नुहुदै नेशनल माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लि.को विशेष साधारण सभामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरु, विभिन्न संस्थाहरुबाट प्रतिनिधित्व गर्दै पाल्नु भएका महानुभावहरु, पत्रकार एवम् समस्त आमन्त्रित अतिथि महोदयहरुलाई संस्थाको सञ्चालक समिति तथा व्यक्तिगत तर्फबाट हार्दिक स्वागत गर्नुभयो । त्यसैगरी, संस्थाले दोस्रो पटक अर्को संस्थालाई गाभ्ने (मर्जर) प्रस्ताव माथि

सम्पूर्ण शेयरधनी महानुभावहरुको सहमति एवं समर्थनको अपेक्षा सहित यो विशेष साधारण सभा आयोजना गरिएको बारे जानकारी गराउनु भयो ।

नेपाल राष्ट्र बैंकले बजारमा अत्यधिक संख्यामा रहेका लघुवित्त संस्थाहरुमा देखिएको दोहोरोपना र अस्वस्थ्य प्रतिस्पर्धालाई न्यूनिकरण गर्न र स्वंपूँजीको आधारलाई बलियो वनाई लघुवित्त क्षेत्रलाई दिगो रुपमा सबलिकरण गर्ने उद्देश्यले मर्जर तथा एक्विजिसन प्रकृयालाई प्रोत्साहन गर्दै आइरहेको सन्दर्भमा संस्थाको बार्षिक साधारण सभाले सञ्चालक समितिलाई मर्जर तथा प्राप्ति सम्बन्धी आवश्यक कार्य गर्नको लागि प्रदान गरेको अख्तियारी अनुसार सञ्चालक समितिले सम्भावित बिभिन्न "घ" बर्गका वित्तीय संस्थाहरुसंग मर्जर तथा प्राप्ति गर्ने बिषयमा कैयौ चरणमा छलफलहरु तथा बार्ताहरु गर्दै आएको र यसै सन्दर्भमा, बागमती प्रदेश, काभ्रेपलाञ्चोक जिल्ला, बनेपा नगरपालिका वडा नं. १० स्थित केन्द्रीय कार्यालय रहेको "घ" वर्गको राष्ट्रिय स्तरको इजाजतपत्र प्राप्त समीट लघुवित्त वित्तीय संस्था लिमिटेड लाई गाभ्ने (मर्जर) बारेको छलफल सकारात्मक रुपमा अगाडी बढदै गई अन्त्यमा नेशनल माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लि.ले समीट लघुवित्त वित्तीय संस्था लिमिटेडलाई गाभ्ने (मर्जर) बिषयमा दुबै संस्थाका सञ्चालक समितिहरु सहमत भई बिधिवत रुपमा मर्जरको प्रकृया अगाडी बढने निर्णय गरिएको बारे जानकारी गराउनु भयो ।

अन्त्यमा, वित्तीय संस्थालाई वर्तमान अवस्थासम्म ल्याउन सहयोग पुर्‍याउने सम्पूर्ण महानुभावहरुलाई धन्यवाद ज्ञापन गर्दै आगामी दिनहरुमा पनि सदाझैं सबैको सहयोग र शुभेच्छा प्राप्त हुने विश्वास प्रकट गर्नुभयो ।

११. **छलफलमा विचार प्रकट गर्नुहुने शेयरधनीहरू :-**

सभाध्यक्षज्यू द्वारा प्रस्तुत गरिएको प्रतिवेदनमा कुनै प्रतिकृया, राय, सुझाव तथा जिज्ञासा भए राख्नको लागि शेयरधनी महानुभावहरुलाइ अनुरोध गरिएकोमा देहाय बमोजिम शेयरधनी महानुभावहरुले राय, सुझाव सहित आफ्नो मन्तब्य राख्नुभएको थियो ।

१) **श्री ठाकुर प्रसाद पौडेल :**

सर्वप्रथम विशेष साधारण सभाको उपलक्ष्यमा संस्थाको सम्पूर्ण परिवारलाई बधाई तथा शुभकामना प्रकट गर्नुहुदै आफु राष्ट्रिय बाणिज्य बैंक लिमिटेड, जुम्लामा कार्यरत रहँदा, त्याँहाका महिलाहरुले भोगेको सामाजिक, आर्थिक समस्याहरुलाई देख्दा आफुले पनि भविष्मा गरिव तथा पिछडिएका महिलाहरुको सामाजिक तथा आर्थिक रुपान्त्रणको लागि केहि काम गर्नुपर्छ भन्ने भावना आई आफ्नो सम्पर्कमा रहेका केहि ब्यक्तिहरु संग यस विषयमा छलफल गरी लघुवित्त संस्थाको माध्यमबाट पनि गरिब तथा पिछडिएका महिलाहरुको सामाजिक तथा आर्थिक रुपान्त्रणको लागि केहि काम गर्न सकिन्छ भन्ने निष्कर्शका साथ बि.सं २०६४ साल देखि यो संस्था स्थापनाको कार्य

प्रारम्भ गरिएकोमा आज संस्था यो अवस्था सम्म आइपुगेको देख्दा आफुलाई ज्यादै खुशी लागेको बताउनु भयो । तर संस्था ठुलो बनाउने क्रममा अर्को संस्थालाई गाभ्दा वा प्राप्ति गर्दा ति संस्थाहरुको बारे राम्ररी अध्ययन तथा विष्लेषण गरेर मात्र निर्णय गर्नुपर्ने अन्यथा भविष्यमा संस्थालाई विभिन्न प्रकारका अप्ठेराहरु आइपर्ने तर्फ समेत हामि सजग हुनुपर्ने बारे जोड दिनुभयो । अन्त्यमा, हाम्रा योजना, नीति तथा कार्यक्रमहरुले गरिव तथा विपन्न महिलाहरुलाई सामाजिक, आर्थिक तथा राजनैतिक रुपमा सबल र सक्षम बनाउनको लागि थप योगदान गर्न सकोस भन्ने कामना गर्नुभयो ।

६) **श्री प्रकाश भुसाल :**

संस्थाले आयोजना गरेको विशेष साधारण सभाको सफलताको कामना गर्दै मर्जर पश्चात बन्ने नयाँ संस्थाको सञ्चालक समितिको अध्यक्ष तथा प्रमुख कार्यकारी अधिकृतलाई समेत सफल कार्यकालको शुभकामना दिनु भयो । त्यसैगरी, संस्था गाभेपछि बन्ने नयाँ संस्थाको पुँजी संरचना बारे जिज्ञासा राख्नुभयो ।

## १२. वित्तीय संस्थाको तर्फबाट प्रस्तुत भएको जवाफ :-

छलफलको क्रममा शेयरधनी महानुभावहरूले वित्तीय संस्थाको समग्र क्षेत्रलाई समेटेर प्रस्तुत गर्नुभएको मन्तव्य, जिज्ञासा, अमूल्य सुझाव तथा प्रश्नहरू प्रति सभाका सभाध्यक्ष र वहाँको आज्ञाले सञ्चालक श्री रबिन सिजापतिज्यू तथा संस्थाका प्रमुख कार्यकारी अधिकृत श्री राम बहादुर यादवले क्रमशः जवाफ दिनुहुँदै सम्पूर्णमा हार्दिक आभार प्रकट गर्नुभयो ।

सभामा शेयरधनी महानुभावहरुले दिनुभएको अमूल्य सुझाव, सल्लाहलाई वित्तीय संस्थाले उच्च सम्मानका साथ प्राथमिकतामा राखी कार्यान्वयन गर्दैजाने प्रतिबद्धता व्यक्त गर्दै सभामा प्रस्तुत प्रस्तावहरुलाई क्रमशः पारित गरिदिनुहुन सभा अध्यक्षज्यूले अनुरोध गर्नुभयो ।

**प्रस्तावहरु उपर छलफल गर्दै पारित गर्ने काम सम्पन्न गरियो ।**

सभाध्यक्षज्यूको अनुरोध अनुसार क्रमशः प्रस्तावहरुमा सहमती जनाउँदै सम्पूर्ण शेयरधनी महानुभावहरुले ताली बजाई प्रस्तावहरु पारित गर्नु भएको थियो ।

**क) विशेष प्रस्ताव:**

१) नेशनल माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड र समीट लघुवित्त वित्तीय संस्था लिमिटेड एक आपसमा गाभ्ने / गाभिने (मर्जर) सम्बन्धमा सञ्चालक

समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने प्रतिवेदन उपर छलफल गरी सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

२) नेशनल माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड र समीट लघुवित्त वित्तीय संस्था लिमिटेड एक आपसमा गाभ्ने/ गाभिने (मर्जर) प्रयोजनको लागि नियुक्त मूल्यांकनकर्ताबाट प्राप्त दुवै संस्थाको सम्पत्ति, दायित्व तथा कारोबारको मूल्यांकन (Due Diligence Audit) प्रतिवेदनको आधारमा संयुक्त मर्जर समितिबाट सिफारिस भई संस्थाको सञ्चालक समितिले स्वीकृत गरे बमोजिम नेशनल माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेडको १ (एक) कित्ता शेयर बराबर समीट लघुवित्त वित्तीय संस्था लिमिटेडको ०.७३ (शून्य दशमलव सात तीन) कित्ता शेयर हुने गरी शेयर आदान प्रदान अनुपात (Share Swap Ratio) क्रमश: १:०.७३ (एक कित्ता बराबर शून्य दशमलव सात तीन कित्ता) लाई स्वीकृति प्रदान गर्ने प्रस्ताव सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

३) नेशनल माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड र समीट लघुवित्त वित्तीय संस्था लिमिटेड बीच एक आपसमा गाभ्ने/गाभिने (मर्जर) सम्बन्धमा गरिएको प्रारम्भिक समझदारीपत्र (Memorandom of Understanding) संयुक्त मर्जर समिति गठन एवं सञ्चालक समितिले संयुक्त मर्जर समितिलाई आवश्यक कार्य गर्न दिएको अख्तियारी, संयुक्त मर्जर समितिबाट भएका निर्णयहरु, खर्चहरु र सञ्चालक समितिबाट भएका निर्णयहरु अनुमोदन गर्ने प्रस्ताव सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

४) नेशनल माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड र समीट लघुवित्त वित्तीय संस्था लिमिटेडबीच एक आपसमा गाभ्ने/गाभिने (मर्जर) प्रयोजनका लागि अन्तिम सम्झौतापत्र (Final Scheme of Arrangement) लगायत मर्जर सम्बन्धी अन्य सम्पूर्ण कार्यहरु गर्नका लागि सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने प्रस्ताव सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

५) नेशनल माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड र समीट लघुवित्त वित्तीय संस्था लिमिटेड एक आपसमा गाभिए पश्चात् "नेशनल समीट माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड" को नामबाट एकीकृत कारोबार गर्ने प्रस्ताव सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

६) मर्जर पश्चात संस्थाको नाम "नेशनल समीट माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड" (NATIONAL SUMMIT MICROFINANCE LAGHUBITTA BITTIYA SANSTHA

LIMITED) र रजिष्टर्ड (केन्द्रीय) कार्यालय बागमती प्रदेश, काभ्रेपलाञ्चोक जिल्ला, बनेपा नगरपालिका वडा नं. १०, कायम हुने गरी संस्थाको प्रबन्धपत्रको दफा १ र २ (१) तथा नियमावलीको नियम १ र २ मा संशोधन गर्ने प्रस्ताव सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

७) मर्जर पश्चात संस्थाको अधिकृत पूँजी रु.१,५०,००,००,०००। (अक्षेरुपी: एक अर्व पचास करोड मात्र), जारी पूँजी तथा चुक्ता पूँजी रु. १,०८,४२,०६,२१९।५३ (अक्षेरुपी: एक अर्व आठ करोड बयालीस लाख छ हजार दुईसय उन्नाइस पैसा त्रिपन्न मात्र) हुने गरी संस्थाको प्रबन्धपत्रको दफा ६ (क) ६ (ख) र ६ (ग) शंसोधन गर्ने प्रस्ताव सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

८) नेशनल माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड र समीट लघुवित्त वित्तीय संस्था लिमिटेडबीच एक आपसमा गाभिएपछि गठन हुने सञ्चालक समितिमा यस संस्थाको तर्फबाट प्रतिनिधित्व गर्ने सञ्चालकहरु तोक्ने अख्तियारी सञ्चालक समितिलाई प्रत्यायोजन गर्ने र साविक सञ्चालक समितिका पदाधिकारीहरुको कार्यकाल बाँकी भएता पनि गाभ्ने/गाभिने (मर्जर) कार्य सम्पन्न भई एकीकृत कारोबार गरी दुवै वित्तीय संस्थाबाट प्रतिनिधित्व रहने गरी नयाँ सञ्चालक समिति गठन भए पश्चात् साविक सञ्चालकहरुको बाँकी कार्यकाल स्वत: समाप्त भएको मानिने सम्बन्धी प्रस्ताव सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

९) नेशनल माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड र समीट लघुवित्त वित्तीय संस्था लिमिटेडबीच एक आपसमा गाभ्ने/ गाभिने (मर्जर) पश्चात हुने संस्थाको नाम, ठेगाना, अधिकृत पूँजी, जारी पूँजी, चुक्ता पूँजी, तथा शेयर संरचना लगायतमा परिवर्तन हुने भएकोले सो बमोजिम हुनेगरी संस्थाको प्रवन्धपत्र तथा नियमावलीको सम्बन्धित दफा तथा नियमहरुमा आवश्यक संशोधन परिमार्जन गर्ने तथा पारित प्रस्ताव नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति लिने क्रममा नियमनकारी निकायहरुबाट फेरवदल भएमा वा गर्न निर्देशन भएमा सो अनुरुप आवश्यक थपघट संशोधन वा परिमार्जन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

| विशेष प्रस्तावसंग सम्बन्धित प्रवन्धपत्रमा संशोधन गर्न प्रस्तावित दफाको विवरण | | | |
|---|---|---|---|
| प्रवन्धपत्रको सम्बन्धित दफा | हालको व्यवस्था | प्रस्तावित संशोधनको व्यवस्था | संशोधन गर्नुपर्ने कारण |
| दफा १ | यस कम्पनीको नामः "नेशनल माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड" हुनेछ र यसलाई अग्रेजीमा NATIONAL MICROFINANCE LAGHUBITTA BITTIYA SANSTHA LIMITED भनिने छ । जसलाई यसपछि "वित्तीय संस्था" भनी सम्बोधन गरिने छ । | यस कम्पनीको नामः "नेशनल समीट माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड" हुनेछ र यसलाई अंग्रेजीमा NATIONAL SUMMIT MICROFINANCE LAGHUBITTA BITTIYA SANSTHA LIMITED भनिने छ । जसलाई यसपछि "वित्तीय संस्था" भनी सम्बोधन गरिने छ । | समीट लघुवित्त वित्तीय संस्था लिमिटेडलाई मर्ज गर्दा संस्थाको नाम परिवर्तन गर्ने सहमति भएकोले । |
| दफा २ (१) | यस वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय धादिङ्ग जिल्ला नीलकण्ठ नगरपालिका वार्ड नं. ३ मा रहने छ । | यस वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय बागमती प्रदेश, काभ्रेपलाञ्चोक जिल्ला, बनेपा नगरपालिनका वडा नं.१० मा रहने छ । | समीट लघुवित्त वित्तीय संस्था लिमिटेडलाई मर्ज गर्दा संस्थाको ठेगाना परिवर्तन गर्ने सहमति भएकोले । |
| दफा ६ (क) | वित्तीय संस्थाको अधिकृत पूँजी रु.७०,००,००,०००। (अक्षेरुपी सत्तरी करोड मात्र) हुनेछ । सो पूंजीलाई प्रति शेयर रु.१०० दरका ७०,००,००० (सत्तरी लाख ) थान साधारण शेयरमा बिभाजन गरिएको छ । | वित्तीय संस्थाको अधिकृत पूँजी रु.१,५०,००,००,०००। (अक्षेरुपी एक अर्व पचास करोड मात्र हुनेछ । सो पूंजीलाई प्रति शेयर रु.१०० दरका १,५०,००,०००। (एक करोड पचास लाख) थान साधारण शेयरमा बिभाजन गरिएको छ । | समीट लघुवित्त वित्तीय संस्था लिमिटेडलाई मर्ज गर्दा संस्थाको अधिकृत पूँजी बृद्धि हुने भएकोले । |
| दफा ६ (ख) | वित्तीय संस्थाको जारी पूंजी रु.६७,४६,७६,२१९।५३ (अक्षरेपीः सतसट्ठी करोड छियालीस लाख छयहत्तर हजार दुई सय उन्नाइस पैसा त्रिपन्न मात्र ) हुने छ । सो पूंजीलाई प्रति शेयर रु.१०० दरका ६७,४६,७६२.१९( सतसट्ठी लाख छियालीस | वित्तीय संस्थाको जारी पूँजी रु. १,०८,४२,०६,२१९।५३ (अक्षेरुपीः एक अर्ब आठ करोड बयालीस लाख छ हजार दुईसय उन्नाइस पैसा त्रिपन्न मात्र) हुनेछ । सो पूँजी लाइ प्रतिशेयर रु.१००। दरका १,०८,४२,०६२.१९ ( एक करोड आठ लाख बयालीस हजार बैसट्ठी दशमलव एक नौ) | समीट लघुवित्त वित्तीय संस्था लिमिटेडलाई मर्ज गर्दा (Swap Ratio) को आधारमा प्राप्त हुने पूंजी अनुसार जारी पूंजी बृद्धि गर्न आवश्यक रहेको । |

| | | | |
|---|---|---|---|
| | हजार सातसय बैसट्ठी दशमलव एक नौं ) थान साधारण शेयरमा विभाजन गरिएको छ । | थान साधारण शेयरमा विभाजन गरिएको छ । | |
| दफा ६ (ग) | वित्तीय संस्थाको चुत्ता पूँजी रु.६७,४६,७६,२१९।५३ (अक्षरेपी: सतसट्ठी करोड छियालीस लाख छयहत्तर हजार दुई सय उन्नाइस पैसा त्रिपन्न मात्र ) हुने छ । | वित्तीय संस्थाको चुत्ता पूँजी रु.१,०८,४२,०६,२१९।५३ (अक्षेरुपी: एक अर्व आठ करोड बयालीस लाख छ हजार दुईसय उन्नाइस पैसा त्रिपन्न मात्र) हुनेछ । | समीट लघुवित्त वित्तीय संस्था लिमिटेडलाई मर्ज गर्दा (Swap Ratio) को आधारमा प्राप्त हुने पूंजी अनुसार चुक्ता पूंजी बृद्धि गर्न आवश्यक रहेको । |

| विशेष प्रस्तावसंग सम्बन्धित नियमावलीमा संशोधन गर्ने प्रस्तावित नियमको विवरण | | | |
|---|---|---|---|
| नियमावलीका सम्बन्धित नियम | हालको व्यवस्था | प्रस्तावित संशोधनको व्यवस्था | संशोधन गर्नुपर्ने कारण |
| नियम १ | यस कम्पनीको नाम: "नेशनल माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड" हुनेछ र यसलाई अंग्रेजीमा NATIONAL MICROFINANCE LAGHUBITTA BITTIYA SANSTHA LIMITED भनिने छ । जसलाई यसपछि "वित्तीय संस्था" भनी सम्बोधन गरिने छ । | यस कम्पनीको नाम: "नेशनल समीट माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड" हुनेछ र यसलाई अंग्रेजीमा NATIONAL SUMMIT MICROFINANCE LAGHUBITTA BITTIYA SANSTHA LIMITED भनिने छ । जसलाई यसपछि "वित्तीय संस्था" भनी सम्बोधन गरिने छ । | समीट लघुवित्त वित्तीय संस्था लिमिटेडलाई मर्ज गर्दा नाम परिवर्तन हुने भएकोले सोहि बमोजिम संस्थाको नाम परिवर्तन गर्न आवश्यक रहेको । |
| नियम २ | यस वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय धादिङ्ग जिल्ला नीलकण्ठ नगरपालिका वार्ड नं. ३ मा रहने छ । नेपाल राष्ट्र बैंकको स्वीकृति लिई आवश्यकता अनुसार शाखा, उपशाखा वा अन्य कार्यालय खोलि कारोवार गर्न सकिने छ । | यस वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय बागमति प्रदेश, काभ्रेपलाञ्चोक जिल्ला, बनेपा नगरपालिनका वडा नं.१० मा रहने छ । नेपाल राष्ट्र बैंकको स्वीकृति लिई आवश्यकता अनुसार शाखा, उपशाखा वा अन्य कार्यालय खोलि कारोवार गर्न सकिने छ । | समीट लघुवित्त वित्तीय संस्था लिमिटेडलाई मर्ज गर्दा ठेगाना परिवर्तन हुने भएकोले । |

**१३. धन्यवाद ज्ञापन तथा सभाको विसर्जन :-**

अन्त्यमा सभाध्यक्ष श्री केशवप्रसाद आचार्यज्यूले सभामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरूलाई अमूल्य सुझाव तथा सल्लाहको लागि हार्दिक धन्यवाद दिनुभयो । त्यसैगरी यस विशेष साधारण सभा सम्पन्न गर्न सहयोग पुऱ्याउनु हुने नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितो बोर्ड, नेपाल स्टक एक्सचेन्ज, लेखापरीक्षक, संस्थाका सञ्चालकहरू र कर्मचारीहरुबाट प्राप्त सहयोगको लागि धन्यवाद तथा आभार व्यक्त गर्नुभयो ।

तत्पश्चात् सभाध्यक्षज्यूले दिउसो १:४५ बजे सभा विसर्जन भएको घोषणा गर्नुभयो ।

..............................
तारा प्रसाद ढुंगाना
कम्पनी सचिव
मिति २०८०/०३/०३

..............................
केशवप्रसाद आचार्य
सञ्चालक समिति अध्यक्ष तथा सभाध्यक्ष
मिति २०८०/०३/०३